| | | |
|---|---|---|
| नौकुण्ड गाउँपालिका, रसुवा | | |
| **स्थानीय राजपत्र** | | |
| खण्ड २ | संख्या १ | मिति :२०७७/०३/३० |
| **भाग २**<br>**नौकुण्ड गाउँपालिका**<br>स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ । | | |
| सम्बत् २०७७ सालको कार्यबिधि संख्या १ | | |

# अपाङ्गता पुर्नस्थापना कोष परिचालन कार्यविधि

# २०७७

**प्रस्तावना :**

अपाङ्गता भएका ब्यक्तिहरुको संरक्षण, प्रवर्धन र अधिकारका लागि नीतिगत ब्यबस्था,योजना,कार्यक्रम संचालन,श्रोत परिचालनका निमित्त सम्बद्ध सरकारी,गैर सरकारी साझेदार निकाय बिच समन्वय गर्ने कार्य को सुरुवात नौकुण्ड गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय,सरमथली,रसुवाले सुरु गरेको छ । अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्वन्धि महासन्धि (सिआरपिडी), नेपाल सरकारले ब्यबस्था गरेका बिभिन्न ऐन, निति तथा योजनाहरुका साथ साथै अपाङ्गता सम्वन्धि अन्तराष्ट्रिय घोषणा, नीति र मान्यता अनुरुप नौकुण्ड गाउँपालिकाले अपाङ्गता भएका ब्यक्तिहरुको सर्वाङ्गिण हित र पुर्नस्थापनाको लागि बिबिध नीति तथा कार्यक्रम तय गरी कार्यान्वयनको चरणमा रहेको छ ।

नौकुण्ड गाउँपालिका

अपाङ्गता भएका ब्यक्तिहरुको समुचित पुर्नस्थापना,अधिकार,तथा समान अवसर सुनिश्चित गर्न अपाङ्गता भएका ब्यक्तिहरुको लागि समानिकरण सम्बन्धि संयुक्त राष्ट्रसंघिय प्रमाणीक नियममा उल्लेखित समुदायमा आधारीत पुर्नस्थापनाको अवधारणा तथा नेपाल सरकारको नीति लाई यस नौकुण्ड गाउँपालिकाले पनि आत्मसात गर्दै आएको छ ।

सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरुलाई समुदायमा नै ब्यबस्थित एंव सम्मानपुर्ण पुनस्थापना गर्ने कार्यमा स्थानीय तहका वडाहरु,सामुदायिक एवं गैर सरकारी संस्थाहरु एंव निजी संघ संस्थाहरु समेत सबैको महत्पुर्ण एवं निर्णायक भुमिका रहन्छ । अपाङ्गता पुनर्स्थापना कोष परिचालन निर्देशिकाको माध्यम बाट स्थानिय तहका वडाहरु एंव संघ-संस्थाहरुको भुमिका सुनिश्चित गरी अपाङ्गता भएका ब्यक्तिहरुलाई परिवार र समुदायमा नै सम्मानपुर्ण पुनस्थापना गर्ने उद्देश्य पुरा गर्न स्पष्ट मार्ग दर्शन आबश्यक भएकाले यस नौकुण्ड गाउँपालिकाले अपाङ्गता पुनर्स्थापना कोष खडा गरी परिचालन निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

यस निर्देशिकाको नाम **अपाङ्गता पुनर्स्थापना कोष परिचालन कार्यविधि, २०७७”** रहेको छ । यो कार्यविधि नौकुण्ड गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२= परिभाषा M**

(क) “ऐन” भन्नाले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** लाई सम्झनु पर्छ ।

(ख) “संविधान” भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्छ ।

(ग) “स्थानीय कानून” भन्नाले नौकुण्ड गाउँ सभाले बनाएको कानून सम्झनु पर्छ ।

(घ) “गाउँपालिका” भन्नाले नौकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) “गाउँ सभा” भन्नाले नेपालको संविधान २०७२ को धारा २२२ को उपधारा (१) बमोजिमको नौकुण्ड गाउँ सभा सम्झनु पर्छ ।

(च) “अध्यक्ष” भन्नाले नौकुण्ड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(छ) “उपाध्यक्ष” भन्नाले नौकुण्ड गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नौकुण्ड गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।



नौकुण्ड गाउँपालिका

(झ) “कार्यपालिका” भन्नाले नौकुण्ड गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ञ) “पदाधिकारी” भन्नाले नौकुण्ड कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

(ट) “वडा” भन्नाले नौकुण्ड गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ठ) “वडा अध्यक्ष” भन्नाले नौकुण्ड गाउँपालिकाका वडा अध्यक्ष सम्झनु पर्छ ।

(ड) “वडा समिति” भन्नाले संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्छ ।

(ढ) “सदस्य” भन्नाले नौकुण्ड गाउँ सभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ । साथै सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(ण) “मन्त्रालय” भन्नाले स्थानीय तह हेर्ने प्रदेश नं. ३ सरकारका मन्त्रालय सम्झनु पर्छ ।

(त) “विषयगत कार्यालय” भन्नाले नौकुण्ड गाउँपालिका अर्न्तगतका विभिन्न विषयगत कार्यालय समेतलाई सम्झनु पर्छ ।

(थ) समुदायमा आधारीत पुनर्स्थापना कोष भन्नाले अपाङ्गता भएका ब्यक्तिहरुलाई स्वास्थ्य,शिक्षा,तालिम, रोजगार,आयआर्जन,व्यवसाय,जस्ता आधारभुत सेवामा पहुँचको ब्यबस्था गर्दै आफनै समुदाय र परिवारमा राखी आत्मनिर्भर तुल्याउने र उनीहरुको सामाजिक सहभागीतालाई अभिबृद्धि गर्दै शसक्तिकरण समेत गर्दै लाने एकिकृत कोषलाई सम्झनु पर्दछ ।

(द) “विकास साझेदार” भन्नाले नेपाल सरकार वा नौकुण्ड गाउँपालिकासँग भएको सम्झौता वा सहकार्य गर्ने द्विपक्षीय एवं बहुपक्षीय दातृनिकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत गैरसरकारी संस्था, निजी क्षेत्र तथा सामुदायिक संस्थासमेतलाई सम्झनु पर्छ ।

(ध) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भार गर्न आफूमध्येबाट निश्चित प्रक्रियाबमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।



नौकुण्ड गाउँपालिका

(न) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानुनबमोजिम स्थापना भएका र नौकुण्ड गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई वा यस गाउँपालिकासँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामुलक संस्था सम्झनु पर्छ ।

(प) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा नौकुण्ड गाउँपालिकामा सूचिकृत भएका समुदायमा आधारित संस्था सम्झनु पदर्छ ।

(फ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला, बालबालिका, अपांग, ज्येष्ठ नागरिक तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ ।

(म) "योजना" भन्नाले नौकुण्ड गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको वार्षिक योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजना सम्झनु पर्छ ।

(य) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत कार्यक्रम सम्झनु पर्छ ।

(र) "आयोजना" भन्नाले नौकुण्ड गाउँपालिकाको कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(ल) "अनुदान" भन्नाले संघीय सरकार र प्रदेश सरकारबाट नौकुण्ड गाउँपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनु पर्छ ।

## परिच्छेद २

**२= उद्येश्य** M

**२.१)** अपाङ्गता पुर्नस्थापना कोष परिचालन निर्देशिकाको उद्येश्य देहाय बमोजिम रहेको छ ।

(क) अपाङ्गता भएका व्यक्तिहरुप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।

(ख) अपाङ्गता भएका नागरिकहरुको सम्पूर्ण पक्षको बिकासको लागि स्थानिय समुदाय तथा स्थानिय सरकारलाई परिचालन गर्दे अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता बढाउने ।

(ग) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु (शारीरिक, दृष्टिबिहिन, सुनाई सम्बन्धी (वहिरा तथा सुस्त श्रवण) श्रवण दृष्टिबिहिन, स्वर र बोलाई सम्बन्धि अपांगता, मानसिक वा मनोसामाजिक अपांगता, बौद्धिक अपांगता, अनुवंशिय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपांगता, अटिजम सम्बन्धी र बहु–अपांगता) लाई बिभिन्न समान अवसरका सेवा ( शिक्षा,स्वास्थ्य,तालिम, नेतृत्व बिकास,लधु ऋण का साथै,आवश्यक सामग्री हरु खरीद गर्ने आदी) उपलब्ध गराई र सामाजिक शसक्तिकरण गराई आर्थिक एंव सामाजिक रुपमा बिकासको मुल प्रवाहमा ल्याउने र अन्य नागरीक सरह सक्षम र स्वाबलम्बि बनाउनको लागि कोष परिचालन गर्ने ।

**२.२) अपाङ्गता पुर्नस्थापना कोष परिचालन कार्यबिधि अवधारणा देहाय बमोजिम रहेको छ ।**

(क) स्थानिय समुदायकै नेतृत्व र पहलमा कार्यक्रम संचालन तथा ब्यबस्थापन हुने ।

(ख) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका निमित्त सेवा,सुबिधा र अवसर उपलब्ध गराउदै यस्ता समुदायलाई बिकास सम्बन्धि सबै क्रियाकलापहरुमा सहभागी गराउनको लागि कोषको परिचालन गरिने ।

(ग) यस नौकुण्ड गाउँपालिकाले अपाङ्गताको मुद्दालाई बिकासको बिषय मान्दै सामुदायिक,सहभागीतामुलक र निरन्तर क्रियाशिलताका आधारमा मुलतः अपाङ्गता भएका व्यक्तिहरुको जिवन सहज र सम्मानित तुल्याउने यस निर्देशीकाको लक्ष्य छ ।

(घ) यस गाउँपालिका स्तरीय अपाङ्गता समन्वय समितीले अपाङ्गता सम्बन्धि का बिभिन्न गाउँपालिका स्तरीय कार्यक्रमहरु संचालन गर्न सक्नेछ । जस्तै : अपाङ्गता दिवस सम्बन्धि कार्यक्रमहरु (Day Celebration) तथा यस सम्बन्धि का अन्य सामाजिक कृयाकलापहरु हरु संचालन गर्न सक्नेछ जस्तै : सडक नाटक, अपाङ्गता भएका व्यक्तिहरुको सहभागीतामा विभिन्न प्रकारका प्रतियोगीताहरु वा अन्य प्रकारका अपाङ्गता सम्बन्धि का कार्यक्रमहरु आदी ।

(ङ) यस कोष मार्फत खर्च हुने गरी यस गाउँपालिका स्तरीय अपाङ्गता समन्वय समितीको बैठक बस्दा यातायात खर्च र बैठक भत्ता वाफत रकम रु. १,०००।०० (अक्षेरुपी एक हजार) प्रदान गर्न सकिनेछ ।

**३) अपाङ्गता पुर्नस्थापना कोष परिचालन कार्यबिधिको लक्ष्य :**



नौकुण्ड गाउँपालिका

(क) अपाङ्गता पुर्नस्थापना कोष परिचालन निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको शारिरीक,मानसिक क्षमतालाई अधिकतम हदसम्म बिकास गरी सशक्त तुल्याउन मद्दत गर्दछ । उपलब्ध नियमित आधारभुत सेवामा उनीहरुको पहुँचलाई स्थानीय स्तरमै सहज एवं कम खर्चिलो ढंगले सुनिश्चित गर्दे समुदायलाई समाजमा सक्रिय योगदान गर्न सक्ने सदस्यको रुपमा बिकास गर्नमा यो कोषले महत्वपुर्ण कदम चाल्ने लक्ष्य लिनुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई बिकासका सबै क्रियाकलापहरुमा समाहित गर्ने लक्ष्य लिएको छ ।

## परिच्छेद ३

**३.१) अपाङ्गता पुर्नस्थापना कोष परिचालन कार्यबिधि संचालन गर्नको लागि गाउँपालिका स्तरिय समिति ।**

क) यो समिति गाउँपालिकास्तर वा वडास्तरमा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारीत अपाङ्गता पुर्नस्थापना कोष परिचालन कार्यबिधि कार्यान्वयन गर्ने महत्वपुर्ण तह हो यो कार्यबिधिको कार्यान्वयनको लागि तपसिल बमोजिमको समिति रहने छ ।

| | |
|---|---|
| १) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २) गाउँकार्यपालिका सदस्य | सदस्य |
| ३) अपाङ्गता क्षेत्र मध्ये बाट प्रतिनिधित्व | ३ जना सदस्य |
| ४) गैर सरकारी संस्था मध्ये बाट | सदस्य |
| ५) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ६) महिला बिकास शाखा | सदस्य सचिव |

३.२) गाउँपालिकास्तर वा वडास्तरमा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारीत अपाङ्गता पुनर्स्थापना कोष परिचालन निर्देशक समितिको काम कर्तव्य तथा अधिकार ।

(क) अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रमको योजना तर्जुमा गर्ने ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रमहरु संचालन गर्नको लागि अपाङ्गता भएका व्यक्ति तथा यिनका परिवार,स्थानिय समुदायका लागि सचेतना अभिबृद्धि गर्ने समान अवसरका क्रियाकलापहरु कार्यान्वयन गर्न निर्देशन दिने साथै यसका अलावा (

नौकुण्ड गाउँपालिका

गोष्ठी,सभा,छलफल,अन्तरक्रिया) आदी संचालन गर्नको लागि मातहतका निकायहरुलाई पहल गर्ने ।

(ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि संचालित कार्यक्रमहरुको नियमित अनुगमन गर्ने,अभिलेख राख्ने ।

(घ) केन्द,प्रदेश, जिल्ला तथा स्थानीय निकायहरु संग कार्यक्रमगत समन्वय गर्ने ।

(ङ) कोष अर्न्तगत संचालन भएका कार्यक्रमहरुको प्रगति विवरण,तथ्यांक संकलन तथा प्रभावकारीताको लागि सम्बन्धित पक्षलाई पहल गर्ने ।

(च) अपाङ्गता भएका व्यक्तिहरुका लागि अविलम्ब पहिचान एवं सेवा,परामर्स सेवा,पुर्व तयारी,कक्षा संचालन,तालिम रोजगार तथा ब्यावसायिक तालिम,स्वास्थ्य उपचार सेवा,स्याहार र रेखदेख लगायतका अन्य सामाजिक तथा आर्थिक सेवा उपलब्ध गराउन पहल गर्ने ।

(छ) कुनै जोखिममा परेका अपाङ्गता भएका ब्यक्तिहरुका लागि जस्तै : दैवी प्रकोप,वाढी पहिरो लगायतका अन्य प्राकृतिक बिपतीमा परेकाहरुलाई यस पुर्नस्थापना कोष बाट आवश्यकता अनुसार आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

(ज) कुनै गैरसरकारी संस्था वा अन्य संघसंस्था बाट अपाङ्गता भएका ब्यक्तिहरुका लागि सहयोग गर्नको लागि आर्थिक सहयोग प्राप्त भएमा सो संस्था बाट कती रकम सहयोग गर्न सकिने तथा पुर्नस्थापना कोष बाट कती रकम खर्च गर्ने,उक्त कार्यको लागि कामको प्रकृती हेरी कोषको बजेट रकम बिनियोजन गर्न सकिने ।

(झ) गाँउपालिका स्तरमा कोषको छुट्टै खाता हुनेछ जसको संचालन प्रमुख प्रसासकिय अधिकृत र लेखा अधिकृत वा तोकिएको कर्मचारीबाट हनेछ ।

(ञ) यस कोषमा जम्मा हुने रकम समितिले तोकिएको वमोजिम वैक खाता खोली जम्मा गरिनेछ ।

(ट) यस कोषको खर्च प्रतिवेदन समितिमा र समितिको संयोजकले कार्यपालिकमा चौमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(ठ) कोषको लेखा परिक्षण गाँउपालिकाको लेखा परिक्षण गर्दा संगै गराईनेछ ।

(ड) समितिले यस कार्यविधि अनुसार कार्य सम्पादन गर्दा सम्वन्धित क्षेत्रमा विज्ञता हासिल गरेको व्यक्तिहरुको परामर्श सेवा लिन सक्नेछ ।

प्रमाणिकरण मिति : २०७७ /०३/२०

नौकुण्ड गाउँपालिका

आज्ञाले

नवदीप राई

प्रमुख प्रशासकीय अधिकृत

नौकुण्ड गाउँपालिका